श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४७ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## अर्थसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः अर्थसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सामयिक कर असूल ऐन, २०१२ मा संशोधनः सामयिक कर असूल ऐन, २०१२ को दफा ४ को,–

(१) उप-दफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) माथि (क) र (ख) बमोजिम नभएमा नेपाल राजपत्रमा प्रकाशित भएको छ महिना व्यतीत हुने बितिकै ।"

(२) उप-दफा (३) झिकिएको छ ।

३. नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा ११ मा संशोधनः नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा ११ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

४. अन्तःशुल्क ऐन, २०१५ को दफा ६ मा संशोधनः अन्तःशुल्क ऐन, २०१५ को दफा ६ को उप-दफा (४) मा रहेका "नगर पञ्चायत, गाउँ पञ्चायत वा वडा समितिका" भन्ने शब्दहरूको सट्टा "नगरपालिका वा गाउँ विकास समितिका" भन्ने शब्दहरू राखिएका छन् ।

५. राष्ट्र ऋण ऐन, २०१७ को दफा ९ मा संशोधनः राष्ट्र ऋण ऐन, २०१७ को दफा ९ को,–

(१) उप-दफा (३) को ठाउँ ठाउँमा रहेका "जिल्लाका अञ्चलाधीश" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (४) मा रहेको "अञ्चलाधीश" भन्ने शब्दको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखिएका छन् ।

६. मनोरञ्जन कर ऐन, २०१७ को दफा ६ मा संशोधनः मनोरञ्जन कर ऐन, २०१७ को दफा ६ को उप-दफा (२) मा रहेका "स्थानीय अञ्चलाधीश वा तिनीहरूले" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी वा निजले" भन्ने शब्दहरू राखिएका छन् ।

७. लेखापरीक्षण ऐन, २०१८ को दफा २ मा संशोधनः लेखापरीक्षण ऐन, २०१८ को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) "सरकारी कार्यालय" भन्नाले श्री ५ को सरकारको सबै सचिवालय, मन्त्रालय, विभाग, कार्यालय, समिति वा आयोग र विदेश स्थित शाही नेपाली राजदूतावास, माहावाणिज्य दूतावास वा अन्य नियोगलाई सम्झनु पर्छ र सो शब्दले सबै संबैधानिक अङ्गका कार्यालयहरूलाई समेत जनाउँछ ।"

४३५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मालपोत (विशेष व्यवस्था) ऐन, २०१८ मा संशोधनः मालपोत (विशेष व्यवस्था) ऐन, २०१८ को दफा ४ क. को,–

(१) उप-दफा (१) र (२) का ठाउँ ठाउँमा रहेका "स्थानीय पञ्चायत" र "पञ्चायत" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (४) को ठाउँ ठाउँमा रहेका "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-दफा (५) को,–

(क) शुरूमा रहेका "कुनै स्थानीय पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "कुनै गाउँ विकास समिति वा नगरपालिकाले" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (क) मा रहेका "जिल्ला पञ्चायतलाई" भन्ने शब्दहरूको सट्टा "जिल्ला विकास समितिलाई" भन्ने शब्दहरू राखिएका छन् ।

९. मालपोत मिन्हा ऐन, २०१९ मा संशोधनः मालपोत मिन्हा ऐन, २०१९ को,–

(१) दफा ४ र ५ का ठाउँ ठाउँमा रहेका "स्थानीय अञ्चलाधीश" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ६ मा रहेका "स्थानीय अञ्चलाधीशले झ्याली ढोलद्वारा" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ८ को, –

(क) ठाउँ ठाउँमा रहेका "स्थानीय अञ्चलाधीश" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उप-दफा (२) मा रहेका "गाउँ पञ्चायतका प्रधानपञ्च वा निजले मनोनीत गरेका गाउँ पञ्चायतका सदस्यलाई" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समितिका अध्यक्ष वा निजले तोकेको सदस्यलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा ९ को ठाउँ ठाउँमा रहेका "स्थानीय अञ्चलाधीश" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. भन्सार ऐन, २०१९ मा संशोधनः भन्सार ऐन, २०१९ को,–

(१) दफा १५ क. को उप-दफा (५) मा रहेका "स्थानीय पञ्चायतको" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा २२ क. को उप-दफा (१) मा रहेको "पञ्चायत" भन्ने शब्द झिकिएको छ ।

(३) दफा २२ ख. र दफा ३३ खारेज गरिएका छन् ।

११. घरजग्गा कर ऐन, २०१९ को दफा १२ मा संशोधनः घरजग्गा कर ऐन, २०१९ को दफा १२ मा रहेका "पञ्चायतको घरजग्गा" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समितिको घरजग्गा" भन्ने शब्दहरू राखिएका छन् ।

१२. विदेशी लगानी कर ऐन, २०१९ को दफा ५ मा संशोधनः विदेशी लगानी कर ऐन, २०१९ को दफा ५ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) घरजग्गाको मोल तत् स्थानको किराया दर (रेण्टल भ्यालू) को आधारमा कायम गरिनेछ ।"

१३. आय टिकट दस्तूर ऐन, २०१९ को दफा ५ मा संशोधनः आय टिकट दस्तूर ऐन, २०१९ को दफा ५ को,–

(१) उप-दफा (२) मा रहेका "आफ्नो ग्राम पञ्चायतमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उप-दफा (३) मा रहेका "ग्राम पञ्चायत" भन्ने शब्दहरू र सोही उप-दफाको अन्तमा रहेका "तर पञ्चायतले बुझेको रकम छ महिनाभित्र स्थानीय माल अड्डामा बुझाई दिनु पर्छ ।" भन्ने वाक्य झिकिएको छ ।

१४. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११ घ. मा संशोधनः विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११ घ. को उप-दफा (७) मा रहेका "कम्तिमा दुई जना स्थानीय पञ्चहरू" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाका सदस्य वा कम्तिमा दुई जना स्थानीय भलादमीहरू" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० मा संशोधनः रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को,–

(१) दफा १४ को उप-दफा (३) मा रहेका "स्थानीय पञ्चायत" भन्ने शब्दहरू को सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा २८ क. खारेज गरिएको छ ।

१६. कृषि विकास बैंक ऐन, २०२४ मा संशोधनः कृषि विकास बैंक ऐन, २०२४ को,–

(१) दफा ८ को उप-दफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) दफा ३२ को उप-दफा (३) झिकिएको छ ।

(३) दफा ३५ को खण्ड ( झ ) मा रहेका "सरकारी वा स्थानीय पञ्चायतहरूलाई" भन्ने शब्दहरूको सट्टा "सरकारी कार्यालयलाई" भन्ने शब्दहरू राखिएका छन् ।

१७. सवारी साधन कर ऐन, २०३१ को दफा ११ मा संशोधनः सवारी साधन कर ऐन, २०३१ को दफा ११ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समितिको नाममा दर्ता भएको ।"

१८. आयकर ऐन, २०३१ मा संशोधनः आयकर ऐन, २०३१ को,–

(१) दफा ४२ को उप–दफा (१) को,–

(क) खण्ड (च) मा रहेका "पञ्चायत, वर्गीय संगठन" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति, जिल्ला विकास समिति, नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (छ) मा रहेका "र राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) दफा ५२ को उप-दफा (३) झिकिएको छ ।

(३) दफा ६२ को,–

(क) उप-दफा (१) मा रहेका "स्थानीय अञ्चलाधीशले" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उप-दफा (२) मा रहेका "अञ्चलाधीशले" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

१९. मालपोत ऐन, २०३४ मा संशोधनः मालपोत ऐन, २०३४ को,–

(१) दफा १७ को उप-दफा (१) र (२) मा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "जिल्लाको कुनै क्षेत्र" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा २१ को उप-दफा (२) मा रहेका "आवश्यक भए स्थानीय पञ्चायतलाई समेत बुझी" भन्ने शब्दहरू झिकिएका छन् ।

लालमोहर सदर मितिः– २०४७।८।२७।५

आज्ञाले,
डा. गजेन्द्रमणि प्रधान
श्री ५ को सरकारको का.मु. सचिव

४३३

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

400

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।